**आज मिति २०७७ साल पौष २५ गते यस माण्डवी गाँउपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो।**

<u>प्रस्तावहरु</u>

१. संघीय समपुरक तथा विशेष अनुदान आयोजन/कार्यक्रमको प्रस्ताव सम्बन्धमा।
२. चिस्यान केन्द्रको (सित भण्डारको) रकम फरफारक सम्बन्धमा।
३. लोकभक्त प्रा.वि विद्यालयको भुक्तानी सम्बन्धमा।
४. WASH सुविधा सहितको सौचालय निर्माण सम्बन्धमा।
५. रोजगार संयोजकको विज्ञापन सम्बन्धमा।
६. प्यारागलाइडिङ सम्भाब्यता अध्ययनका लागी प्रस्ताव स्विकृत सम्बन्धमा।
७. करार म्याद थप सम्बन्धमा।
८. घरभाडाको म्याद थप सम्वन्धमा।
९. 'घ' वर्गको ठेक्का इजाजत प्रदान सम्बन्धमा।

<u>निर्णयहरु :</u>

<u>निर्णय नं. १ :</u> प्रस्ताव १ माथी छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिहदरवार काठमाडौंवाट मिति २०७७/०८/३० गते प्रकाशित सूचना अनुसार स्थानीय तहमा आ.व. २०७८/०७९ का लागी संघीय समपुरक तथा विशेष अनुदान अर्न्तगत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागी प्रस्ताव आब्हान सम्बन्धि सूचना अनुसार तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरु छनोट गरि पठाउने निर्णय गरियो।

<u>तपशिल :</u>

१. समपुरक आयोजना/कार्यक्रमहरु
  क) ठुलि लेकमा पर्यटन प्रवर्द्धन कार्यक्रम-माण्डवी-२
  ख) मार्सीवाङ खेलकुद मैदान निर्माण-माण्डवी-३
  ग) गाँउपालिका प्रशासकिय भवन निर्माण-माण्डवी-३

२. विशेष अनुदान आयोजना/कार्यक्रम
क) माण्डवी गा.पा वडा.नं १ गर्जेनी देखी माण्डवी गा.पा. वडा.नं ५ एकचोटे जोड्ने पक्कि पूल निर्माण।
  ख) रम्दि स्वास्थ्य चौकी निर्माण।
  ग) मर्कावाङ स्वास्थ्य चौकी निर्माण।

<u>निर्माण नं. २ :</u> प्रस्ताव २ माथि छलफल गर्दा आर्थिक वर्ष २०७६/०७७ तथा ०७७/०७८ मा कार्य सम्पन्न गर्ने गरि निर्माण कार्य सुरु भएको चिस्यान केन्द्र निर्माण सम्बन्धि कार्य पौष मसान्त सम्म कार्यान्वयन गर्ने गरि म्याद थप गरिएको देखिन्छ। उक्त म्याद भित्र कक्षपती निर्माण सेवाले लागत अनुमानमा भएको सम्पूर्ण काम सम्पन्न गरेकोले प्राविधिक नापजाचँ, गाउँपालीका अनुगमन

प्रतिवेदनका आधारमा प्रदेश सरकारको शसर्त अनुदान र गा.पा. अनुदान समेतवाट कार्य सम्पन्न प्रतिवेदन विल भर्पाईका आधारमा चिस्यान केन्द्र (सित भण्डार) को भुक्तानी दिने निर्माण गरियो ।

निर्णय नं. ३ : प्रस्ताव ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०७७/७८ का लागी माण्डवी गाउँपालीका वडा नं. १ अर्न्तगत लोकभक्त प्रा.वि गेट र तारवार निर्माण आयोजना, विद्यालयमा भएको शौचालयको सेफ्टी ट्यांकि भक्तिएका कारण तत्कालै बनाउनु पर्ने देखिएकाले विद्यालय व्यबस्थापन समितिले निर्माण गरि शौचालयको सेफ्टी टयांकी निर्माण गरेकाले सो कार्यको भुक्तानी गेट र तारवारका लागि नगरी विद्यालयको सेफ्टी टयांकि निर्माणका लागी प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, गा.पा अनुगमन, वडा कार्यालयको सिफारिसका आधारमा भक्तानी दिने निर्माण गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०७७/०७८ को लागि माण्डवी गाउँपालिका शर्सत अनुदान अर्न्तगत प्राप्त रकम तथा कार्यक्रम मध्ये WASH सुविधा सहितको शौचालय निर्माण कार्य गणेश मा.वि तिराम माण्डवी-१ मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं ५ माथि छलफल गर्दा माण्डवी गाउँपालीकामा कार्यरत रोजगार संयोजक श्री उर्मिला के.सी ले मिति २०७७/०९/१० गते दिएको राजीनामा अनुसार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको, रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धि मापदण्ड २०७६ को दफा १६ (ख) बमोजिम राजिनामा स्विकृत गर्दै रिक्त रहने पदमा विज्ञापन मार्फत पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक निति तथा कार्यक्रम अर्न्तगत माण्डवी गाउँपालीकामा पाराग्लाइडिङ्गको सम्भाव्यता अध्ययन गर्नका लागि आब्हान भएको सूचना अनुसार रित पूर्वक पर्न आएका आवेदनहरु मध्ये एसियन प्याराग्लाइडिङ्ग एकेडेमी पेश गरेको प्राविधिक तथा आर्थिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकाले उक्त प्रस्ताव स्विकृत गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं ७ माथि छलफल गर्दा माण्डवी गाँउपालिकाका कार्यरत दरवन्दिमा कामकाज गरिरहेका एम.आई.एस अपरेटर, फिल्ड सहायक ,गाँउपालिका प्राविधिक ,वडा कार्यलयका प्राविधिक सुचना प्रविधि अधिकृत ,कम्प्युटर अपरेटर, स्वास्थ्य चौकि तथा सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत अ.न.मि./अ.हे.व र कार्यालय सहयोगिहरुको २०७८ असार मसान्त सम्म म्याद थप गर्न निर्णय गरियो ।

निर्णय नं ८ :- प्रस्ताब नं ८ माथि छलफल गर्दा माण्डवी गाँउपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा गाँउपालिका कार्यालयका लागि आवश्यक घर तथा आवासिय घरको भाँडा सम्झौता सकिएकाले २०७८ असार मसान्त सम्मका लागि घर भाँडामा लिने गरि सम्झौता गर्ने गरी म्याद थप गर्न निर्णय गरियो ।

निर्णय नं ९ :– प्रस्ताव नं ९ माथि छलफल गर्दा 'घ' वर्गको निर्णय व्यवसाय इजाजत पत्र प्रदान गर्न प्रयोजनका लागि कागजात तथा प्रक्रियाका सम्बन्धमा जाँच बुँझ गर्न गठित समितिको सिफारिस अनुसार "रक्की निर्माण सेवालाई" 'घ' वर्गको इजाजत पत्र दिने निर्णय गरियो ।

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत